प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७५

<u>मिति २०७८/३/६ गतेको सचिव बैठकका निर्णयहरु-</u>

१. सुदूरपश्चिम प्रदेश सरकारको चालु आ.व. २०७७/०७८ को २०७८ जेठ मसान्तसम्मको मन्त्रालयगत समग्र खर्च स्थिति उपर छलफल तथा समीक्षा गरियो ।चालु आ.व. समाप्तिको बाँकी अवधिमा मन्त्रालयहरुले पूँजीगत खर्च बढाउन तर्फ विशेष ध्यान दिने ।

२. आगामी आर्थिक वर्षको लागि सबै मन्त्रालयहरुले अनिवार्य रुपमा Daily Diary तयार पारी संस्थागत Memory रहने गरी सोही अनुरुप सम्बद्ध मन्त्रालय र मातहतका कर्मचारीहरुले दैनिक डायरी भर्ने र मन्त्रालयले सोको मूल्यांकन गर्ने, गराउने ।

३. नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (NASC) द्वारा तयार पारिएको यस प्रदेशको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey) को अन्तिम प्रतिवेदन प्राप्त भईसकेको सन्दर्भमा उक्त प्रतिवेदनका सम्बन्धमा सबै मन्त्रालयहरुले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा १ हप्ताभित्र अनिवार्य रुपमा Feedback उपलब्ध गराउने ।सो समयमा सुझाव उपलब्ध नगराएमा सोबाट पर्न जाने असरको जिम्मेवार सचिव स्वयं हुने ।

४. सबै मन्त्रालयहरुले आ-आफ्नो मन्त्रालयको वेवसाइट अनिवार्य रुपमा अद्यावधिक गर्ने र उक्त कार्यलाई निरन्तरता दिंदै लाने।मन्त्रालयहरुको वेवसाइटमा कर्मचारी विवरण अपडेट गर्ने सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मिति २०७७/१२/९, च.नं. १३३० र मिति २०७८/१/१२, च.नं. १५३९ बाट प्रेषित पत्रको विषय कार्यान्वयन गर्ने, गराउने ।

५. सबै मन्त्रालयले मन्त्रालय स्यंव र मातहतका निकायहरुको वेरुजु फर्छ्यौट सम्बन्धी कार्य उच्च प्राथमिकताका साथ अघि बढाउने र आगामी दिनहरुमा वेरुजु हुन नदिने तर्फ विशेष ध्यान दिने ।

६. आगामी आ.व. २०७८/०७९ को बार्षिक बजेट तथा कार्यक्रमको Indicator Wise Action Plan श्रावण महिनाको पहिलो हप्ताभित्र अनिवार्य रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने ।

७. मु.म. तथा म.प. कार्यालयको पूर्व स्वीकृति बिना मन्त्रालयका सचिवहरु प्रदेश बाहिर नजाने र प्रदेश भित्र काजमा जाँदा मु.म. तथा म.प. कार्यालयलाई जानकारी दिने सम्बन्धमा मिति २०७७/१२/२ गतेको सचिव बैठकबाट भएको निर्णय कार्यान्वयन गर्ने।

२०७८/३/६

**प्रमुख सचिव**